नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# लालीगुँरास नगरपालिका कार्यालय
## बसन्तपुर, तेह्रथुम

**चक्का वाला स्काभेटर/डोजर (ब्याक हो लोडर) तथा पिकअप गाडी खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशन मिति : (२०७३/११/१९ गते)

१) यस नगरपालिकालाई आवश्यक पर्ने तपसिलमा उल्लेख यान्त्रिक उपकरण सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मिति देखि ३० औं दिनसम्म यस कार्यालयमा कार्यलय समय भित्र सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७२/०७३ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी नियमानुसार को वोलपत्र दस्तुर रु.३०००।-(पछि फिर्ता नहुने गरी ) निवेदन साथ पेश गरेपछी नियमानुसार छुट्टाछुट्टै बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

३) खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउन सकिने छ ।

४) बोलपत्र फारम साथ जमानत वापतको रकम यस नगरपालिका कार्यालयको नेपाल बैंक लिमिटेड तेह्रथुममा रहेको धरौटी खाता च.हि.नं. ०५४०३००००३०३ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको राजस्व शाखामा दाखिला गरेको नगदी रसिद वा कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मितिदेखि) नेपाल सरकारको मान्यता प्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मात्र मान्यता दिइनेछ ।५) दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा ३१ औं दिनको २:०० बजे यसै कार्यालयमा खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन । वोलपत्रमा प्रत्येक आईटम दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । ७) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८) बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

९) उल्लेखित यान्त्रिक उपकरणहरुको शिलबन्दी बोलपत्र छुट्टाछुट्टै यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

१०) एक फर्मको नामा खरिद भएको बोलपत्र फारम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाइने छैन ।

११) नियमानुसार लाग्ने सम्पुर्ण कर दस्तुर आदि बोलपत्र दाता फर्मले स्वयम व्यहोर्नू पर्ने छ ।

१२) बोलपत्र दाताले झुटो विवरण पेश गरेको पाइएमा नियमानुसार कार्बाहिको लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

१३) बोलपत्र खरिद कार्बाहिमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहिमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफुलाई सजाय नभएको भनि लिखित रुपमा गरेको स्वघोषणा बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

१४) बोलपत्र पेश गर्दा शिलबन्दि खाम बाहिर कार्यालयको नाम, कार्यको विवरण र बोलपत्रदाता फर्मको नाम, ठेगाना र छाप लागेको हुनुपर्ने छ ।

१५) बोलपत्र सर्तरहित केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको डकुमेन्टमा नै भरिएको, कुनै थपघट वा द्रष्टब्य नलेखेको हुनुपर्ने छ ।

१६)अन्य कार्यविधिहरु स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

१७)बोलपत्र सम्बन्धी थप जानकारीका लागी यस नगरपालिका कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

१८) सूचना Laliguransmun.gov.np मा पनि हेर्न सकिने छ ।

| बोलपत्र/ठेक्का नं. | सामान/उपकरणको नाम | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| ०१/२०७३/०७४ | चक्का वाला स्काभेटर/डोजर (ब्याक हो लोडर) खरिद कार्य (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ३,०००/- | १,१०,०००। |
| ०२/२०७३/०७४ | डबल क्याब 4WD पिकअप गाडि खरिद कार्य ( बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ३,०००/- | ९०,०००। |